# कोरियामा बस्ने बिदेसी कामदारका लागि औद्योगिक दुर्घटना क्षतिपूर्ति (सान्जे बोहम) आवेदन सम्बन्धी जानकारी

## ○ औद्योगिक दुर्घटना क्षतिपूर्ति वीमा (सान्जे बोहम) भनेको के हो?

- सान्जे बोहम भनेको विभिन्न कल कारखाना तथा उद्योग धन्दा इत्यादिमा काम गर्दा हुन सक्ने चोटपटक वा दुर्घटना अथवा कार्यस्थलका कारणले रोग लागेर स्वास्थ्यलाभको लागी ४ दिन भन्दा बढी उपचार गर्नु पर्ने अवस्थामा उपचार खर्च दिने, उपचार समयावधि भित्र औसत तलबको ७० % उपलब्ध गराउनुका साथै कामदारको मृत्यु भएको खण्डमा निजको कानूनी हकदारलाई क्षतिपूर्ति उपलब्ध गराउने ईत्यादि गणतन्त्र कोरियाको सामाजिक वीमा प्रणाली हो ।
- विदेशी कामदारहरुको वैधानिकता र अवैधानिकतालाई पर्वाह नगरी कोरियन नागरिक सरह दुर्घटना क्षतिपूर्ति आवेदन गर्न र क्षतिपूर्ति पाउन सकिने तथा रोजगारदाताले दुर्घटना क्षतिपूर्ति वीमाको लागी समन्वय नगरेको खण्डमा पनि आवेदन दिन मिल्ने ।

## ○ विदेशी कामदारले औद्योगिक दुर्घटना आबेदन गर्ने प्रक्रिया

- कोरिया श्रमिक क्षतिपूर्ति र कल्याण सेवा (गुल्लो बोक्जी कोङदान)को वेबसाईट अथवा औद्योगिक दुर्घटना क्षतिपूर्ति वीमा (सान्जे बोहम) को फारम उपलब्ध भएको स्वास्थ्य संस्था बाट उपचार खर्च आवेदन फारम भरी आफ्नो कम्पनीको ठेगाना जहाँ छ त्यहीं ठाँउमा रहेको साखा कार्यालयमा पेश गर्ने ।

※ छानबिन प्रक्रियामा रोजगारदाता र कामदारसँग कामको प्रकृति जाँचबुझ गर्ने वा थप कागजातहरुको माग गर्न सकिने र सो अवस्थामा प्रक्रियाको समयावधि लम्बिन पनि सक्छ ।

※ कार्यस्थलका कारणले लागेको रोगको उपचार खर्च आवेदन गरेको खण्डमा कामको प्रकृति तथा रोग छिनफान समितिबाट कार्य प्रकृतिका कारण बाट सो रोग लागे नलागेको जाँचबुझ गरी पिडितलाई खर्च उपलब्ध गराउने कि नगराउने भन्ने विषयमा निर्कौल गरिन्छ ।

## ○ दर्खास्त प्रक्रिया

**उपचार खर्च आवेदन फारम भर्ने** → **कोरिया श्रमिक क्षतिपूर्ति र कल्याण सेवामा बुझाउने** → **दुर्घटना क्षतिपूर्ति वीमा पाउने कि नपाउने भन्ने विषयमा निर्कौल** → **आवेदकलाई जानकारी**

## ○ वीमा भुक्तानीका प्रकार

| | |
|---|---|
| **उपचार खर्च** | कार्यस्थलका कारणले रोग लागेर स्वास्थ्यलाभको लागी ४ दिन भन्दा बढी उपचार गर्नु पर्ने अवस्थामा कोरियाको दुर्घटना तथा उपचारको लागी मान्यता प्राप्त अस्पतालबाट उपचारको व्यवस्था । |
| **काम नगरेको अबधिको तलब** | कार्यस्थलमा काम गर्दा हुने दुर्घटना अथवा कार्यस्थलको कारणले गर्दा लाग्ने रोग उपचारले गर्दा काम गर्न नसकेको समयमा कामदारको औसत तलब भुक्तानीको ७० % उपलब्ध । |
| **दुर्घटना तथा रोग क्षतिपूर्ति पेन्सन** | चोटपटक लागेर वा विमारी भएर २ वर्षसम्म उपचार गर्दा पनि पुर्ण निको नभएको र यदी सो अबस्था, कानुनले निर्धारण गरेको पुर्ण रुपमा निको नहुने समुह अन्तर्गत पर्ने भएमा, काम नगरेको अबधिको तलबको सट्टामा दुर्घटना तथा रोग क्षतिपूर्ति पेन्सन प्राप्त गर्न सकिने कानूनी ब्यबस्था छ । |
| **अपाङ्ग भत्ता** | कार्यस्थलमा काम गर्दा लाग्ने चोटपटक वा दुर्घटना अथवा रोगको कारणले उपचार कार्य सकिएपनि अपाङ्ग भएको खण्डमा अपाङ्गताको स्तर मध्येमा १४ किसिमका स्थायी अपाङ्ग स्तर अनुसार अपाङ्ग भत्ता प्राप्त गर्न सकिन्छ । |
| **निजको कानूनी हकदारलाई क्षतिपूर्ति र काजकिरिया खर्च** | मृतक कामदारका निजका कानूनी हकदारलाई पेन्सनको रकम एकमुष्ठ र काजकिरिया गर्नेलाई किरिया रकम उपलब्ध । |